फोन नं. ०२१:४०००01

# मिक्लाजुङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मधुमल्ला, (मोरङ्ग)

१ नं. प्रदेश, नेपाल

पत्र सख्या-: ०७५/०७६

चलानी नं-:

मिति : २०७५।०७।१३

## निर्माण कार्यको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति :- २०७५/०७/१३)

यस कार्यालयले निम्न निर्माण कार्यहरु सिलबन्दी दरभाउपत्रको माध्यामबाट खरिद कार्य गर्नु पर्ने भएकोले प्रचलित संघ, प्रदेश तथा स्थानीय कानून बमोजिम इजाजत प्राप्त इच्छूक निर्माण व्यवसायीबाट निम्नबमोजिमको शर्त पालना गर्ने गरी रितपूर्वकको गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

१. ईच्छुक सिलबन्दी दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउपत्र दस्तुर वापत तपसीलमा उल्लेख भए बमोजिम फिर्ता नहुने गरी तपसिल बमोजिम रकम बुझाई आ.व. ०७५/०७६ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायीलेखा दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित निर्माण व्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिले यस गाउँ कार्यपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न सक्नेछ।

२. खरिद भएका सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ठीक १२:०० बजे भित्र खामबाहिर कार्यालयको नाम, ठेक्का नं., कामको विवरण र फर्मको नाम स्पष्ट उल्लेख गरी यस कार्यालयमा गोप्य सिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ। दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिन दिनको ठीक २:०० बजे सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दी सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधापर्ने छैन।

३. सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

४. सिलबन्दी दरभाउपत्र साथ जमानत वापत उल्लेख भएअनुसारको रकम यस कार्यालयको एनएमबी बैंक, मधुमल्ला, मोरङ स्थित धरौटी ०६१०९१००५८२१३००००००६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा घटिमा सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडवण्ड अनिवार्य रुपले पेश गर्नु पर्ने छ।

५. विलअफ क्वान्टिटि, स्पेशिफिकेशन समेत संलग्न भएको सिलबन्दी दरभाउपत्र सम्वन्धि कागजातहरु यस कार्यालयबाट उपलब्ध गराईनेछ। यो सूचना तथा सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेखित भएका शर्त बमोजिम प्राप्त नभएका सिलबन्दी दरभाउपत्र माथि कार्यालयले कुनै कारवाही गर्ने छैन।

६. सिलबन्दी दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको सिलबन्दी दरभाउपत्र पूस्तिकामा कूनै थपघट वा दृष्टव्य नलेखेको हुनु पर्ने छ। समय भित्र प्राप्त नभएको, रीत नपूगेको, सुचनाका शर्त विपरीत भएको सिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन।

७. सिलबनदी दरभाउपत्र सम्वन्धी कागजातहरुको प्रत्येक पानामा सिलबन्दी दरभाउपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ। सिलबन्दी दरभाउपत्रको प्रत्येक आईटम दररेट (भ्याटबाहेकको) अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा स्पष्टसंग दस्तखत भएको हुनुपर्नेछ।

८. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने तथा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

९. यस सम्बन्धी अन्य थप कुरा बूझ्न आवश्यक परेमा यस कार्यालयको सम्पर्क नं. ०२१४०००01 मा सम्पर्क राख्न सकिने छ।

१०. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ र अन्य प्रचलित संघ, प्रदेश तथा स्थानीय ऐन, नियम, कानुन अनुसार हुनेछ।

तपसिल :

| ठेक्का संकेत नं. | कामको विवरण | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | लागत अनुमान/सिलबन्दी दरभाउपत्र जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|
| NCB/MRMM 02/075-76 | वडा कार्यालय भवन निर्माणको इलेक्ट्रोनिक तथा स्यानिटरी कार्य, वडा नं. ४, मिक्लाजुङ गा.पा., मोरङ | १०००।- | लागत अनुमान रु. १५,९१,२८३।- (भ्याट बाहेक) बोलपत्र जमानत रु. ४८,०००- | प्रथम पटक सूचना प्रकाशित मितिबाट पन्ध्र दिनभित्र |
| NCB/MRMM 03/075-76 | वडा कार्यालय भवन निर्माणको इलेक्ट्रोनिक तथा स्यानिटरी कार्य, वडा नं. ५, मिक्लाजुङ गा.पा., मोरङ | १०००।- | लागत अनुमान रु. १५,९१,२८३।- (भ्याट बाहेक) बोलपत्र जमानत रु. ४८,०००- | प्रथम पटक सूचना प्रकाशित मितिबाट पन्ध्र दिनभित्र |
| NCB/MRMM 04/075-76 | वडा कार्यालय भवन निर्माणको इलेक्ट्रोनिक तथा स्यानिटरी कार्य, वडा नं. ८, मिक्लाजुङ गा.पा., मोरङ | १०००।- | लागत अनुमान रु. १५,९१,२८३।- (भ्याट बाहेक) बोलपत्र जमानत रु. ४८,०००- | प्रथम पटक सूचना प्रकाशित मितिबाट पन्ध्र दिनभित्र |

प्रमुख प्रशासकीय अधिकृत